सत्य सूचना, निष्पक्ष समाचार र नयाँ विचारको संवाहक

# सूचक सन्देश

SOOCHAK SANDESH WEEKLY साप्ताहिक

वर्ष १, अंक १ २०७३ चैत्र १५ गते मंगलबार 28 Mar. 2017, Tuesday पृष्ठ ६+२, मूल्य रू. ५ धादिङ जिल्ला प्रशासन कार्यालय दर्ता नं ३०/०७३/०७४)

## प्रकाशकीय

### सूचक सन्देश : सूचना र संचारको दुनियाँमा भरपर्दो सूचक

सत्य सूचना, निष्पक्ष समाचार र व्यवसायीक पत्रकारिताको स्पष्ट अठोट र प्रतिवद्धतासहितको यात्रालाई निरन्तरता दिनको लागि आजबाट मोफसलको जिल्ला धादिङलाई आधार क्षेत्र मान्दै 'सूचक सन्देश साप्ताहिक' प्रकाशनमा आएको छ। 'सूचक सन्देश प्रकाशन गर्नुको मुख्य ध्यय भनेकै वास्तविक, स्वतन्त्र र न्यायिक पत्रकारिताको माध्यमबाट जिल्लाका आर्थिक, सामाजिक, राजनैतिक तथा सम्पुर्ण पक्षको बारेमा सही सूचना मार्फत सुसुचित गराउदै जिल्लामा शान्तिको स्थापना, स्थायित्व र आर्थिक समृद्धिको सम्भावनाहरुका लागि गाउँ गाउँ र टोल टोलमा जागरण पैदा गर्दै एक आपसमा भातृत्वको सन्देश छर्ने नै हाम्रो संकल्प हुनेछ।

रुवीभ्याली देखि रोराङ फेदी सम्मका आम पाठकहरुका समायानुकुल र समय सान्दर्भिक चाहना र रोजाइ नै सूचक सन्देशको मुख्य आकर्षण र प्रस्तुति हुनेछन् । यो अब तपाई, हाम्रो अनि सबैको सञ्चारमाध्यम हुनेछ । समाजको सबै वर्ग, जाति, लिङग, धर्म, पेशा र विचार भएकाहरुको साझा चौतारी बन्ने कुरामा कुनै शंका छैन । हामीलाई विश्वास छ आम पाठक तथा शुभचिन्तकहरुले हाम्रो यो अभियानमा हामीलाई हरतरहले साथ दिनु नै हुनेछ । वर्षौ वर्षसम्म जस्तो सुकै कठिन परिस्थितीका बाबजुद पनि सतिसाल भएर निरन्तर अगाडी (बाँकी पृष्ठ ५ मा)

### अधिकार सम्पन्न स्थानीय तह

# यी हुन् स्थानीय तहको काम कर्तव्य र अधिकार

■ सूचक सन्देश समाचारदाता

धादिङ। सरकार स्थानीय तह निर्वाचनको अन्तिम तयारीमा छ, दलहरु चुनावी नारा लिएर गाउँबजार, टोल टोल पुगिसकेका छन् । राज्य पुनरसंरचना अनुसार पहिलो पटक हुन, लागेको नगरपालिका र गाउँपालिकाको निर्वाचनलाई नेपाली राजनीतिमा महत्वपूर्ण उपलब्धीको रुपमा लिइएको छ ।

केन्द्र, प्रदेश तथा स्थानीय तहबीचको सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी संविधान बनेको हुनाले स्थानीय तहको क्रियाशीलता विना सघीयताको कार्यान्वयन हुन सक्दैन । यसका कारण पनि स्थानिय तहको निर्वाचनलाई महत्वका साथ हेरिएको हो । संविधानले संघीय संरचनामा केन्द्र, प्रादेशिक तथा स्थानिय गरी तीन तहको परिकल्पना गरेको छ। यहि परिकल्पना अनुसार पहिलो चरणमा स्थानिय तहको आगामी बैशाख ३१ गते निर्वाचन हुन लाग्दै छ ।




**स्थानीय तहलाई दिइएको अधिकार**

नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत कर र शुल्क उठाउने अधिकार स्थानीय तहलाई दिइएको छ। स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन पनि स्थानीय तहले गर्नेछन्। यसैगरी स्थानीय (बाँकी पृष्ठ ६ मा)

## धादिङमा १ सय ४ मतदान केन्द्र हुने

धादिङ । धादिङमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मतदान केन्द्र पुनरावलोकन सिफारिस समितिले निर्वाचन कार्यालय धादिङलाई १ सय ४ मतदान केन्द्रको लागि सिफारिस गरे सँगै गाउँ गाउँमा उत्साह छाएको छ। स्थानिय निकाय पुनर संरचना अन्तरगत धादिङ जिल्लामा कायम भएका २ नगरपालिका र ११ गाउँ पालिकाको बैशाख ३१ गते हुने निर्वाचनको लागि मतदान केन्द्रको संख्या टुङ्गो लागे पनि स्थान अहिले सम्म टुङ्गो लागाउन समितिले नसकेपछि निर्वाचन आयोगलाई नै अन्तिम निर्णय गर्ने जिम्मा दिइएको छ ।

सत्य, तथ्य, समाचारका साथ आवाजविहिनहरुको सहारा बनोस्, सूचक सन्देश, शुभकामना

नवराज छत्कुली
अध्यक्ष
नेपाल पत्रकार महासंघ
जिल्ला शाखा, धादिङ

# आशा तामाङ बचाऔं, अभियान जारी

■ सूचक सन्देश समाचारदाता

धादिङ । धादिङ नेत्रावती गाउँपालिका स्थित सेमजोङ घर भएकी आशा तामाङलाई बचाऔं अभियान जारी रहेको छ ।

सेमजोङ निवासी आशा तामाङ केहि महिना देखि दुवै मृगौला फेल भै अस्पतालको वेडमा हुनुहुन्छ, उहाँलाई बचाउन विभिन्न क्षेत्र समुदाय संस्थाहरुले आर्थिक सहयोग जुटाउन अभियान संचालन गरि रहेका छन् । यहि सहयोग संकलनको क्रममा नेकपा माओवादी केन्द्र नेत्रावती गाउँपालिकाले अस्पताल वेडमा रहेकी आशा तामाङलाई राष्ट्रिय मृगौला उपचार केन्द्र बनस्थली पुगी रू २४ हजार ५ सय नगद सहयोग हस्तानतरण गरेको छ ।



माओवादी केन्द्र नेत्रावती गाँपालिकाले अभियानका क्रममा संकलन गरेको उक्त रकम मंगलवार गाउँपलिका इन्चार्ज ठाकुर गुरुङको हातबाट तामाङलाई हस्तान्तरण गरिएको हो। दुबै मृगौलाले काम नगरे पछि तामाङ २ महिना देखि अस्पतालको बेडमा छटपटाई रहनुभएको छ । अहिले आर्थिक सहयोग संकलन अभियानका क्रममा जम्मा भएको रकम हस्तान्तरण गर्यौं, आशा बचाऔं अभियान जारी रहेको ठाकुर गरुङले बताउनु भयो । कलिलै उमेरमा विवाह गरेकी तामाङको ८ वर्षको छोरा र १ वर्षको छोरी छ। निम्न आर्थिक श्रोत, घरमा सासुससुरा समेत नरहेको तामाङको श्रीमान् वैदेशिक रोजगारको शिलसिलामा बिदेशमा छन्। रकम हस्तान्तरण गर्न नेकपा माओवादी केन्द्रका नेता तथा अखिल नेपाल शिक्षक संगठनका केन्द्रिय वरिष्ठ उपाध्यक्ष शंकर अधिकारी, जिल्ला सदस्य तथा नेत्रावती गाउँपालिका इन्चार्ज ठाकुर गुरूङ, जिल्ला सदस्य सेकेमान तामाङ, बिनिता तामाङ, गणेश अधिकारी अस्पताल पुग्नुभएको थियो ।

**एन एस मिडया धादङद्वारा प्रकाशित**
सल्लाहकारः रामबहादुर भण्डारी, युवराज खतिवडा, रमेश लम्साल
प्रधान सम्पादकः नारायण सिलवाल, ९८५११९११८१
सम्पादकः राजाराम रिजाल, ९८५११२९४८९
अतिथि सम्पादकः अमृत तामाङ, ९८५११३२६७८
सह–सम्पादकः हरि नेपाली
व्यवस्थापकः  शुक तामाङ, ९८४१५८९१७३
मुद्रणः मनकामना छापाखाना धादिङबेसी
ठेगानाः नीलकण्ठ नगरपालिका ३ धादिङबेसी शान्तबजार, फोन ०१०–५२१३४७
Email: soochakweekly@gmail.com

## सम्पादकीय

### सही एजेन्डा र विकास गर्ने दललाई मतदान

नयाँ संविधान अनुरुप यतिबेला देश संघीयताको कार्यान्वयनको चरणमा गईसकेको छ। सरकारले यही बैशाख ३१ गते स्थानीय तहको निर्वाचन घोषणा गरेको छ। निर्वाचनको घोषणासँगसँगै यतिबेला सवै राजनैतिक दलहरु आफ्नो चुनावी अभियान लिएर गाउँ पस्न सुरु गरिसकेका छन् । २० बर्षपछि सम्पन्न हुन गइरहेको यस स्थानीय निर्वाचनमा राजनैतिक दलहरुको मात्र नभई सम्पुर्ण जनताको लागि पनि उत्साहजनक रहेको छ ।

अझ देश संघीयतामा गइसकेपछि हुन गइरहेको यस स्थानीय निर्वाचन आफैमा अझ बढी महत्वपुर्ण रहेको छ । स्थानीय तहको अहिलेसम्मको स्थितिलाई हेर्ने हो भने जनप्रतिनिधीहरुको रिक्तताको फाइदा उठाउदै राजनैतिक संयन्त्रको नाममा सवै राजनैतिक दलहरु मिलिजुली स्थानीय क्षेत्रमा आएका बजेटहरु बाड्ने र विकासको नाममा सिन्को पनि नभाँच्ने परम्परा रहदै आएको थियो । सवै मिलिजुली बाँडेर बजेट हजम गर्ने परम्पराको कारण कसैले पनि गलत चिजको विरुद्ध आवाज उठाउन सकिरहेका या चाहिरहेका थिएनन् । स्थानीय क्षेत्रमा सवै राजनैतिक दलहरुको मिलिजुली गरिने हर्कतदेखि दिक्क भएका जनताहरुमा वर्तमान स्थानीय निर्वाचन घोषणासँगसँगै खुसीको लहर छाएको प्रष्टैसँग देख्न सकिन्छ ।

इतिहास साक्षी छ २४० बर्षदेखि शोषण र उत्पीडन मच्चाउदै आएको सामन्ती राजतन्त्रको अन्त्य गर्दै एकात्मक राज्यसत्तालाई संघीयताको माध्यमबाट जनताको आँगनसम्म पुर्‍याउनको लागि दश बर्षीय जनयुद्ध हुदै जनआन्दोलनको माध्यमबाट माओवादीको मुख्य हात रहेको छ। संविधान सभाको निर्वाचनमा संघीयताले राज्यलाई जनताको पहुँचबाट झन् टाढा पुर्‍याउछ भनेर माओवादी विरुद्ध जनतालाई उक्साउने दलहरु नै आज सबै आफ्नो पोल्टामा पार्न दौडधुप गरिरहेका छन् ।

राज्यको तल्लो तहदेखि माथिल्लो तहसम्म सबैलाई समान सहभागिता गराउदै उत्पीडित तथा आदिवासी, जनजाति, दलित तथा महिलाहरुलाई हरेक क्षेत्रमा समान सहभागिता गराउने नीतिको नेतृत्वको कसले गर्‍यो अब जनताले प्रष्ट बुझ्न एकदमै आबश्यक भएको छ ।

स्थानीय स्तरको निर्वाचानमा मतदान गर्नको लागि कुनै राजनैतिक दलले दिने क्षणिक र झुटो आश्वासन, आर्थिक प्रलोभन तथा मनोरन्जनलाई प्राथमिकतामा नराखौं । अहिलेसम्म जनताको पक्षमा काम गर्ने, विकासको पक्षमा आफुलाई समर्पित गर्ने र सही एजेन्डा भएको दललाई हामीले आफ्नो रोजाइँको पहिलो प्राथमिकतामा राखेर मतदान गरौं । तपाई हाम्रो एक गल्तीले आफ्नो क्षेत्रको विकासलाई पहिले जस्तै फेरी पनि दशकौं पछि नधकेलियोस् । हाम्रो एक मत गलत ठाउमा पर्नाले देश र हाम्रा सन्ततिको भबिष्य फेरि अन्धकार नबनोस् ।

# स्थानिय तह पुनः संरचना

*जनताले प्राप्त गर्ने सेवा, सुविधा छिटो, छरितो र प्रभावकारी बनाउनको लागि स्थानीय तहलाई अधिकार दिइएको छ ।*



**केशरीप्रसाद पन्त**
*नेत्रावती गाउँपालिका १*
*मार्पाक पन्तटार धादिङ*

राष्ट्रूहित, लोकतन्त्र, र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन ,महान १० वर्षे जनयुद्ध , हजारौँ सहिदहरुको बलिदानी , बेपत्ता योद्धाहरुको त्यागको कारण वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिंक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता , समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समाबेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न , धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यावस्था अनुरुपको संविधान २०७२ नेपालमा जारी भएको हो। मुलुकले नयाँ संविधान प्राप्त गरेको डेढ वर्ष नाघिसक्दा पनि संविधानको प्रभावकारी कार्यान्वयन तर्फ राजनीतिक शक्ति एकजुट हुन सकिरहेका छैनन् ।

संविधानका केही प्रावधानमा कमीकमजोरी हुँदा हुँदै संविधान जारी गर्नुपर्ने ईतिहासको कालखण्डमा एउटा आवश्यकता थियो। विधिविनाको मुलुक चल्न नसक्ने हुनाले संघीय प्रणालीयुक्त संरचानलाई आत्मसात गरेपछि त्यसको आधारभूत चरित्र घोषित हुनु जरुरी थियो । तर संघीयताको स्वरुप नामाङ्कन ,सिमांकन ,सामर्थ्य र क्षमता जस्ता मुख्य विषयलाई थाती राखी संविधान जारी भएकै कारण नयाँ संविधानले सबैलाई सन्तुष्टि दिन सकेन । राजनीतिका नाममा अराजनीतिक निर्णय हावी भै २०७४ माघ ७ गते सम्म संघीय अनुरुप तिनै तहको निर्वाचन गर्न नसकेमा देश गम्भीर दुर्घटनमा पुग्न सक्छ भन्ने खतराबाट बचाउन आगामी २०७४ साल बैशाख ३१ गते २० वर्ष पछि जनताको घरदैलोको सरकार मानिने स्थानीय तह गाऊँ र नगरपालिकाको निर्वाचन गरिने भएको छ ।

कार्यकारी अधिकार मात्र नभै व्यवस्थापिका र न्यायपालिका सम्बन्धी पनि केही अधिकार प्रत्यायोजन गरिएका स्थानीय ७४४ गाऊँ  नगरपालिकामा ३६,६३९ जना प्रतिनिधि हुनेछन् । जसमा १३,३६० महिला प्रतिनिधि हुनेछन् । वडा सदस्यमा १ दलित महिला अनिवार्य गरिएकोले ६,६६० दलित महिला पहिलो पटक स्थानीय तहमा निर्वाचित हुनेछन् । समावेशी प्रतिनिधित्वको आधारमा हुन लागको यो निर्वानचबाट एकै पटकमा जनप्रतिनिधि चयन भएपछि अवरुद्ध स्थानीय विकास अघि बढ्नेछ भने राजनीतिक दलहरुलाई आफ्ना कार्यकर्ता व्यावस्थापन गर्न सहज हुनेछ। तर सहजता भन्दा पनि जनताले राम्रो व्याक्तित्वलाई चयन गर्न सकेमा प्रतिफल राम्रो देखिनेछ।

गाऊँ पालिका नगरपालिका प्रमुख उपप्रमुख मध्ये एकजना महिला उमेद्वार अनिवार्य हुनै पर्ने व्यावस्था र २ जना महिला वडा सदस्य मध्ये एकजना महिला दलित समुदायको हुनैपर्ने संवैधानिक व्याबस्थाका कारण स्थानीय तहमा ४० प्रतिशत भन्दा बढी महिला निर्वाचित हुने र दलित तथा अल्प संख्यक सहित समावेशी स्थानीय सरकार बन्नेछ । सरकारले सिंहदरबारको अधिकार स्थानीय तहमा गाऊँ पालिका नगरपालिकालाई दिएको छ। बिकेन्द्रीकरणको माध्यमबाट जनताले प्राप्त गर्ने सेवा, सुविधा छिटा, छरितो र प्रभावकारी बनाउनको लागि स्थानीय तहलाई अधिकार दिएको हो। नेपालको संविधानमा व्यावस्था भए अनुसारका सुरक्षा , आर्थिक, समाजिक, स्थानीय पूर्वाधार, वन तथा वातावरण, तथ्यांक संकलन तथा अभिलेख, सुचना संचार, भूमि व्यावस्थापन, उद्योग, पर्यटन, औषधी तथा विषादी, स्वास्थ्य, पशु चिकित्सा, मानव संसाधन विकास एंव समाजकल्याण अन्तरगतका अधिकार गाऊँपालिका तथा नगरपालिकालाई दिने व्यवस्था गरिएको छ।

तसर्थ स्थानीय निकायलाई संवैधानिक अस्तित्व दिई काम, कर्तव्य र अधिकार पनि संविधानमै उल्लेख गरेर त्यसको सुनिश्चितता प्रदान गरेको छ। यसबारे केन्द्रीय अथवा प्रादेशिक शासक वर्गले आफ्नो ईच्छा र बलमा स्थानीय निकायलाई अधिकार दिने, अधिकारबाट बञ्चित गर्ने बेला बेलामा आफ्नो अनुकुल नहुँदा विघटन समेत गर्ने अबस्थाबाट जोगाएको छ। त्यसैले संविधानमै व्यावस्थित गरिएको स्थानीय निकायलाई सवल र सक्षम बनाउने प्रावधान रहेको छ। यो प्रावधानले सुशासन र विकासलाई मात्र बल पुर्‍याउने नभई राजनीतिक प्रतिनिधिलाई जनताप्रति उत्तरदायि बनाउने छ।

अन्तमा, यो सूचक सन्देश नामक पत्रिकाको पहिलो अकं प्रकाशन हुन लागकोमा सर्व प्रथम त शुभकामना व्यक्त गर्दै आगामी दिनमा जनताका घर दैलोमा घटेका वास्तविक घटना, सूचना एंव जनपक्षीय आवाजलाई समेट्दै समाचार, लेख रचना प्रकाशन गर्ने प्रेरणा मिलोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।



# सिंहदरबारभित्र थुनिएको जनताको अधिकार जनताको घर–आँगनमा



**शालिकराम जमकट्टेल**
अध्यक्ष
नेकपा (माओवादी केन्द्र) धादिङ

**तोकिएको समयमा नै चुनाव हुन्छ त ?**

नेपालको संविधान २०७२ ले २०७३ माघ भित्र स्थानीय तह, प्रादेशिक तह र केन्द्रको निर्वाचन गरि सक्नुपर्ने वाध्यात्मक अवस्थाको व्यवस्था गरेको छ, भने सर्वोच्च अदालतले सरकार सँग ३ तहको निर्वाचनको कार्यतालिका माग गरि सकेको छ ।

निर्वाचन आयोगले निर्वाचनको तयारी घनिधुत किसिमले गरिरहेको छ। स्थानीय तहको निर्वाचनको कार्यतालिका पनि आइसकेको छ यस अर्थमा पनि निर्वाचन हुनेमा कुनै कतै आशङ्का गर्नु आवश्यक छैन । दोस्रो कारण भनेको हामीलाई संविधान कार्यान्वयन गर्नु छ, संविधानको कार्यान्वयन भएन भने देशको अवस्था के होला ? नेपाली जनताले प्राप्त गरेको यत्रो अधिकार त्यसै खेर जाने छ। परिवर्तन नचाहने केहि तत्वले टाउको उठाउँदै छन् । प्राप्त उपलब्धीको रक्षा गर्दै नयाँ सत्ता संस्थागत गर्न चुनाव मात्र एउटा विकल्प हो। तसर्थ तोकिएको समयमा चुनाव हुन्छ यसमा अव आशङ्का गरि रहनु पर्दैन ।

**माओवादि केन्द्र धादिङको चुनावी अभियानको स्थिति के छ ?**

नेकपा (माओवादी केन्द्र) धादिङले, "विकास, समवृद्धि र नयाँ सत्ता संस्थागत" !

"स्थानिय तहको निर्वाचनमा नेकपा (माओवादी केन्द्र) लाई बहुमत" भन्ने नाराका साथ अहिले सबै गाउँपालिकाहरुको वडा सम्मेलन, गाउँपालिकाको सम्मेलन, नगर र सम्मेलन साथै जवसमोर्चाहरुको संगठन निर्माण अभियामा जुटेका छ। जनतको जनलहर हाम्रो पार्टी प्रति रहेको छ, हामी अब केहि दिन मै चुनाव प्रचार-प्रसारका कार्यक्रमहरु सार्वजनिक गर्दछौ ।

**जनलहरको कुरा गर्नु भो, माओवादी केन्द्र धादिङले जित्ने आधार के हो ?**

स्थानिय तहको निर्वाचनमा नेकपा (माओवादी केन्द्र) ले जित्ने मुख्य २ वटा कारण छन् । पहिलो जनयुद्धको सुरुवात गर्दा हाम्रो पार्टीले मुख्य २ वटा कुराहरु उठाएको हो, नेपालमा राजाको नेतृत्वतमा रहेको एकात्मक सामन्ती राज्यव्यवस्था नेपाली समाज अनुरुप भएन राजतन्त्रात्मक व्यवस्थाले वर्गिय, जातिय, क्षेत्रिय, लैंगिक र उत्पिडन गर्‍यो । राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भएर नेपाली समाजको अभिव्यक्त गर्ने किसिमको संघीय लोक तान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्थाको स्थापना, राज्य सत्ताको नीति निमार्णको तहका सबै वर्ग, क्षेत्र, जात र लिङ्गको समानुपातिक समावेसी प्रतिनीधित्व हुनुपर्दछ। दोस्रो नयाँ राज्य व्यवस्थामा सिंहदरवारको चौघेरा भित्र थुनिएको जनताको अधिकार जनताको घर-आँगनमा पुग्नु पर्दछ । नयाँ संविधान ०७२ ले संघीय व्यवस्था र स्थानिय तह मार्फत जनताको अधिकार घर दैलोमा पुगेको छ। हामीले जनयुद्ध मार्फत उठाएको कुरा पुरा भएको छ । जनताको यो अधिकार प्राप्तिका लागि सबै भन्दा बढी लडेको र त्याग, तपस्या र वलिदान गरेको पार्टी माओवादी केन्द्र हो ।

त्यसैले स्थानिय तहको निर्वाचनमा जनताले माओवादी केन्द्र रोज्नेमा हामी ढुक्क छौ । अर्को कुरा हाम्रो पार्टीको नेतृत्वमा बनेको सरकारले भुकम्पपिडितलाई दिने अनुदानमा थप गर्‍यो, देश लोडसेडिङ मुक्त भयो, विकास निर्माणको कामले गति लियो, विकास र समृद्धिको नारा हाम्रो पार्टी सँग छ। त्यसैले स्थानिय तहको निर्वाचनमा नेकपा (माओवादी केन्द्र) ले जित्छ।

**तपाइको भने जस्तै जनताले भोट हाल्छन् भन्ने छ ?**

जनताले भोट हाल्नलाई आधार खोज्छन, माथि मैले बताएको कारण भनेको यो मैले मात्र भनेको होइन, जनताको आवाज हो । संविधान घोषणा पश्चात स्पष्ट राजनैतिक, आर्थिक र सामाजिक रुपान्तरणको एजेण्डा नेकपा (माओवादी केन्द्र) सँग छ। वर्तमान संविधानको कार्यान्वयन गर्दै प्राप्त उपलब्धीको रक्षा गर्ने र बाँकी अधिकारको लागि समाजवादी क्रान्ति मार्फत अगाडी बढ्ने। अन्य पार्टीहरुको अब कहाँ जाने, अबको राजनैतिक कार्यदिशा के हो ? भन्ने स्पष्ट छैन। तसर्थ जनताले हाम्रो पार्टीको चुनाव चिन्हमा भोट हाल्छन् ।

**उम्मेदवारहरुको आकाँक्षी धेरै देखिए, टुंगो लगाउन हम्मे हम्मे पर्ला बागी उठे के गर्नु हुन्छ ?**

स्थानिय तहको निर्वाचनमा उम्मेदवार चयनका लागि पार्टीले आधार तय गरेको छ । वडा पालिकाको कमिटिको वैठक बसेर वडा अध्यक्ष र सदस्यहरुको उम्मेदवारको सिफारिस गर्दछ। त्यसको अनुमोदन जिल्ला समितिले गर्दछ । गाउँपालिका र नगरपालिकाको वैठकले सिफारिस गरेको उम्मेदवारहरुको अनुमोदन प्रदेश कमिटिले गर्दछ। अहिले पार्टीले त्याग, तपस्या, निरन्तरता, इमान्दारीतालाई आधार मान्दै सबै किसिमले प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिलाई उठाउने र सबै एक भएर चुनाव जिताउने पार्टीको उद्धेश्य रहेको छ। जो उठेपनि पार्टी उठ्ने हो। व्यक्तिले जित्ने होइन पार्टीले जित्ने हो। उम्मेदवार छान्दा तल्ला कमिटिलाई पूर्ण जनवाद दिइएको छ । प्राप्त जनवादका आधारमा छानिएका उम्मेदवार विरुद्ध कोही वागी उठे, असहयोग गरेको पाइएमा पार्टीले कसैलाई छुट दिने छैन ।

**माओवादी केन्द्र र काँग्रेस बीच तालमेल हुने भन्ने हल्ला छ नि ?**

स्थानिय तहको निर्वाचनमा नेपाली काँग्रेस सँग तालमेल गर्ने भन्ने हल्ला त्यति सत्य जस्तो लाग्दैन । स्थानिय तहको निर्वाचनमा तालमेल गर्ने कुरा हामीले जिल्लाबाट मात्र निर्णय गर्न सक्देनौं । यसको निम्ति केन्द्रको स्पष्ट नीति आवश्यक पर्दछ। भोलि केन्द्रबाट त्यस्तो नीति आयो भने कुन पार्टी सँग तालमेल गर्दा पार्टीलाई सहयोग पुग्छ, पार्टीले चुनाव जित्छ, जिल्ला पार्टीको आवश्यकता के हो रु भन्ने कुरामा छलफल हुनेछ । तर अहिले हामी आफ्नै तयारीमा छौं ।

साङ्गठानिक आधारमा हेर्दा नेकपा (माओवादी केन्द्र), नेपाली काँग्रेस र नेकपा एमाले प्रतिस्पर्धी पार्टी हुन् । साङ्गठानिक आधारमा हेर्दा धादिङमा हामी एक्लै लड्दा पनि स्पष्ट बहुमत ल्याउने आधार हाम्रो पार्टीले तय गरेको छ। यो अवस्थामा हामीले तालमेलको बहस कुनै पार्टी सँग गरेका छैनौ । केन्द्रको त्यस्तो कुनै निर्णय आयो भने फरक कुरा हो।

धादिङको समग्र विकासलाई
सूचक सन्देश ले
प्रथामिकता राखोस्।
स्थानिय पुनर संरचना अनुसार हरेक गाउँ टोलका खवरहरु प्रकाशन ल्याओस्।
शुभकामना व्यक्त गर्न चाहन्छुं ।
जगत सिंखडा
अध्यक्ष एवम्
सहिद स्मृति संचार सहकारी संस्था लि. धादिङ

धादिङको समग्र आर्थिक र सामाजिक विकासको
सूचक सन्देश ले
गर्न सकोस् । स्थानिय पुनर संरचना अनुसार हरेक गाउँ टोलका खवरहरु प्रकाशन गरोस् ।
शुभकामना व्यक्त गर्न चाहन्छौं ।
विष्णुप्रसाद कोइराला
अध्यक्ष एवम्
अग्रणी वचत तथा ऋण सहकारी संस्था लि. परिवार, धादिङ

स्थानिय निकाय पुनरसंरचना सँगै प्रकाशनमा आएको यस सूचक सन्देश साप्ताहिक पत्रिकाको स्थानिय विकासमा महत्वपूर्ण भुमिका रहने हुँदा जनपक्षिय बनोस् शुभकामना ।
बोदनाथ दुवाडी
अध्यक्ष एवम्
धादिङ उद्योग वाणिज्य संघ परिवार

सत्य, तथ्य, समाचारका साथ आवाज विहिनहरुको सहारा बनोस्
सूचक सन्देश,
शुभकामना
नवराज अधिकारी
अध्यक्ष एवम्
एकीकृत अखिल नेपाल शिक्षक संगठन परिवार धादिङ

सत्य, तथ्य, समाचारका साथ आवाज विहिनहरुको सहारा बनोस्
सूचक सन्देश,
शुभकामना
कशरीप्रसाद पन्त
अध्यक्ष एवम्
शिक्षक कल्याण वचत तथा ऋण सहकारी संस्था लि. परिवार, धादिङ

# धादिङको स्थानीय पुनरसंरचना र पर्यटन जोडिएको नामाकरण

धादिङ जिल्लाको स्थानीय तह पूनरसंरचना र पर्यटन सँग जोडिएको पाटोलाई महत्वपूर्ण मान्न सकिन्छ। जनताको भावना र आवश्यकतालाई हेर्ने हो भने धादिङको स्थानीय तह पूनर संरचनालाई केहि कमी कमजोरीका बीच गरिएको उपलब्धीका रुपमा लिन सकिन्छ।

जनताकै घर दैलोमा अधिकार भन्ने उद्धेश्यका साथ गरिरएको स्थानिय पूनर संरचनामा कतिपय भेगिए दृष्टकोणले जनतालाई अपायक परेको छ तर समग्रमा जिल्लालाई हेर्ने हो भने अहिलेका, गाउँपालिका र २ नगरपालिकाको नामाकरण वस्तुवादी रहेको छ । धादिङका ५ वटा गाउँपालिकाको नामाकरण पर्यटकिय दृष्टिले गरिएको छ । धार्मिक र पर्यटकिय दृष्टिले बर्षौ देखि वकालत गरिदै आएका ती पर्यटकिय स्थलकोबारे अब कसरी विकास गर्न सकिन्छ सबैको चासो हुन जरुरी छ । पर्यटकिय दृष्टिले नामाकरण गरिएका गाउँपालिकाहरु गंगाजमुना, त्रिपूरा सुन्दरी, ज्वालामुखी, सिद्धलेक र रुबीभ्याली वास्तवमा धादिङको सम्भाव्यता बोकेका गाउँपालिका हुन्।

पर्यटन व्यवसायीहरुका हिसावले धादिङ जिल्ला धनी छ, पर्यटन प्रवर्द्धन गर्ने निकाय देखि व्यावसायी सम्म धादिङको बाहुल्लेता छ, धादिङका पर्यटन व्यवसायीहरुले चर्का भाषण गरेर हूने वाला छैन, कति पर्यटक यी गाउँपालिकामा ल्याए ? पर्यटन विकासमा कति जोड गरे ? स्थानिय गाउँपालिकाले रकर्ड राख्न जरुरी छ । अहिले पर्यटनका हिसावले नामाकरण गरिएका गाउँपालिकाले विशेष योजना बनाई पर्यटन प्रवर्द्धन गर्न जरुरी उत्तिकैछ।

**गंगाजमुना गाउँपालिका**

उत्तरी धादिङको गंगाजमुना गाउँपालिका अन्तरगत फुलखर्क स्थित ढाँडखर्कमा अवस्थित गंगाजमुना झरना धार्मिक तथा पर्यटकीय स्थलका रुपमा परिचित नाम हो । प्रवर्द्धनको लागि राज्यले ध्यान दिन नसकेको यस ऐतिहासिक महात्व बोकेको यस स्थलमा हरिबोधनी एकादशीको अवसर मेला लाग्ने गर्दछ।

ढाँडखर्कमा रहेको पहराको टाकुरोबाट बग्ने गंगा र जमुना नामका दुई झरनामा गएर नुहाउने तथा मनले चिताएको पुरा होस् भनेर आर्शिवाद माग्ने प्रचलन रहिआएको छ । सो झरना ३ सय मिटर माथिबाट झरेको छ। गंगा जमुना झरनासँगै रहेको कुकुर धारोमा गएर नुहाउनेहरुको पनि भीड हुने गर्दछ। विशेष गरी वर्षभरी कुकुर वा अन्य कुनै जनावरले टोकेमा त्यसको दोष निवारणका लागि भन्दै कुकुर धारोमा गएर नुहाउने प्रचलन रहेको छ । भौगोलिक हिसावले विकट स्थानमा रहेको गंगाजमुना झरना आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यको रुपमा लिन सकिन्छ।

**त्रपुरासुन्दरी गाउँपालिका**

त्रपुरासुन्दरीको सल्यानकोट र आगिञ्चोकमा २ वटा मन्दीर रहेको छ । नेपाल एकिकरण गर्ने समयमा पृथ्वीनारायण शाहले पनि उक्त मन्दिरमा आशिर्वाद थापेर गएपछि एकिकरण गर्न सहज भएको विश्वास गरीदै आएको छ । यसलाई धार्मिक र पर्यटनका दृष्टि दुबैले हेरिने गरेको छ।

**सिद्धलेक गाउँपालिका**

नलाङ र सलाङ को सिमानामा अवस्थित सिद्धलेकलाई धार्मिक एवं पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण स्थलको रुपमा लिइन्छ। धादिङ जिल्लाको सल्यानटार बाहेक ४९ वटा साविकका गा. वि. स. हरु देख्न सकिन्छ भने अन्य थुप्रै मनोरम दृष्यहरु देखिन्छन्।

**रुवीभ्याली गाउँपालिका**

पर्यटन व्यवसायीहरू माझ चर्चा र चासोको विषय बनिरहेको धादिङ जिल्लाको गणेश हिमाल क्षेत्रमा रहेको नयाँ पर्यटकीय गन्तव्य रुवीभ्याली क्षेत्रको औपचारिक शुभारम्भको तयारी भैसकेको छ । गणेश हिमाल पर्यटन विकास समितिको अगुवाइमा रुवी भ्यालीलाई नयाँ गन्तव्यको रूपमा शुभारम्भ गर्ने तयारी भएको हो। लापा सेर्तङ र तिप्लिङ मिलेर बनेको ?बीभ्याली गाउँपालिका धादिङको पर्यटनको दृष्टिमा अत्यन्त महत्वपूर्ण मानिन्छ।

पाल्दोर पीक बेसक्याम्प, पाङसाङ पास, सोमदाङ, तिप्लिङसहित गन्तव्यमा बनाउन सकिन्छ। तिप्लिङ, चालिस तातो पानी, बोराङ, झार्लाङ, सत्यदेवी, धादिङबेंसीसम्मको पर्यटकिय पदयात्रा मार्ग बनाउने योजना बनाउन सक्नु पर्दछ ।

**ज्वालामुखी गाउँपालिका**

मैदी, खरी, ढोला चैनप'र मिलेर बनेको यस गाउँपलिकामा मैदीकोट, खरीको मैदान, ढोलाको ढोला मण्डली, चैनपूरको ज्वालामूखी जस्ता महत्व बोकेका ठाउँहरु छन्, साँच्चै विकास गर्न नै खोज्ने हो भने बाटो खुलेको छ।

अन्त्यमा, धादिङका अन्य स्थानहरुपनि छन् त्रिशुलीको र्‍याफ्टिङ, बुढीगण्डकी जलासय धादिङका सम्पति हुन । हामीले चाहने हो, भने आर्थिक समस्या हुँदैन योजना र सोचको अभाव देखिएको छ मुलुक परिवर्तन त्यति कै हुँदैन, हाम्रो सोच परिवर्तन गर्नु पर्‍यो, आर्थिक समृद्धि विना विकास सम्भव छैन् । आर्थिक समृद्धिका लागि हामी सँग सिप र क्षेमता नभएको हैन, नेपाली राजनीतिको गलत प्रयोगले हो सचेत बनौ, विकास र आर्थिक समृद्धिको लागि आजै देखि आफै क्रियाशिल बनौ।

> हामीले चाहाने हो, भने आर्थिक समस्या हुँदैन प्लान र सोचको अभाव देखिएको छ मुलुक परिवर्तन त्यति कै हुँदैन, हाम्रो सोच परिवर्तन गर्नु पर्‍यो, आर्थिक समृद्धि विना विकास सम्भव छैन् ।

**सन्दर्भ**



प्रजुन कुमार अधिकारी
धादिङ फुलखर्क
हाल: चाईना मकाऊ

रेडक्रसका विश्वव्यापी सिद्धान्तहरु, मानवता, निष्पक्षता, तथष्टता, स्वधीनता, स्वयम सेवा, एकता, विश्वव्यपकतालाई सूचक सन्देशको प्रकाशन शुभारम्भले टेवा पुग्ने आशाका साथ शुभकामना

सिताराम कोइराला
सभापति एवम्
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा परिवार धादिङ

शुभकामना
आर्थिक समृद्धि सहितको समुन्नत नेपालका लागि सूचक सन्देशको भुमिका महत्वपूर्ण रहोस्, शुभकामना व्यक्त गर्दछौं ।
प्रजुन कुमार अधिकारी
संयोजक एवं
अन्तराष्ट्रिय नेपाली समाज मकाऊ, परिवार

शुभकामना
समुन्नत नेपालका लागि शैक्षिक विकासमा सूचक सन्देशको भुमिका महत्वपूर्ण रहोस्, शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल एवं
न्यू किबो बोर्डिङ स्कुल परिवार, धादिङ

## कविता

### अक्षरहरूको आकाश



दीपेन्द्र सिंह थापा

आदिदेखि अनादिसम्म
अनन्तदेखि अनन्तसम्म
अविराम
यात्रारत छन् अक्षरहरू
अविश्रान्त
अभियानरत छन् अक्षरहरू
एउटा छुट्टै आकाश टाँग्न
मनहरूदेखि मनहरूसम्म
जीवनहरूदेखि जीवनहरूसम्म।

यस्तो आकाश
- आफैमा आयामिक
- आफैमा आभासित
यस्तो आकाश
- आफैमा अविकृत
- आफैमा अविभाजित
यस्तो आकाश
- आफैमा उत्सवमय
- आफैमा उल्लासमय
अक्षरहरू आफ्नो सृष्टिभरि
यस्तै यस्तै आकाश बोक्छन्
अक्षरहरू आफ्नो दृष्टिभरि
यस्तै यस्तै उज्यालो बोक्छन्।

आरम्भदेखि आरम्भसम्म
अन्त्यहीनदेखि अन्त्यहीनसम्म
अनवरत
अभ्यासरत छन् अक्षरहरू
अविच्छिन्न
अभ्यर्थनारत छन् अक्षरहरू
एउटा असाधारण आकाश टाँग्न
रङहरूदेखि रङहरूसम्म
जीवनहरूदेखि जीवनहरूसम्म।

अक्षरहरूले नबोकेको आकाश
आकाशजस्तो हुँदैन
अक्षरहरू भनेका उज्यालोका आयामहरू हुन्
उज्यालोबिना आकाश देख्नै सकिँदैन
अक्षरहरूले नबोकेको उचाइ
उचाइजस्तो हुँदैन
उचाइ भनेको यात्राको उत्कर्ष हो
अक्षरहरूबिना फराकिलो धरातल बोक्नै सकिँदैन।

अभीष्टदेखि अभीष्टसम्म
अभ्यन्तरदेखि अभ्यन्तरसम्म
नित्य निरन्तर
गम्भीर छन् अक्षरहरू
अथक अविरल
गतिशील छन् अक्षरहरू
एउटा विशिष्ट आकाश टाँग्न
जीवनहरूदेखि जीवनहरूसम्म
मात्र
जीवनहरूदेखि जीवनहरूसम्म।

## सूचक सन्देश........

बढिरहने हाम्रो चाहना पक्कै अधुरो हुने छैन भन्ने विश्वास हामी दिलाउन चाहन्छौं। स्वतन्त्र प्रेस र नागरिकको सूचनाको अधिकार लगायतका लोकतान्त्रिक मूल्य (मान्यता प्रति अविचलित रहनका लागि अबका दिनमा पनि हामी यही मार्गचित्र अनुरुप आफ्नो गन्तव्य तय गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

शोषित पीडित जनताको हक ( अधिकार, कानुनी राज्य, विधिको शासन, प्रेस स्वतन्त्रता जस्ता महत्वपूर्ण विषयहरुलाई यस ‘सूचक सन्देश’ ले अग्रमोर्चामा रहेर आफ्नो मुख्य भूमिका निर्वाह गरिरहने छ । आवाज विहीनहरुको आवाज, असहायहरुको लट्ठी, देख्न नसक्नेहरुको लागि आँखा बन्न तथा लोकतन्त्र, मानव अधिकार, राष्ट्रियता एवं जनताको आधारभूत आवश्यकताहरु परिपूर्तिका लागि राज्यका हरेक निकायमा दबाब मूलक भूमिका निर्वाह गर्न हामीले आफ्नो ठाउँबाट जिम्मेवार पहल गर्नेछौं । यसैलाई हामीले हाम्रो मुख्य लक्ष्य बनाउने संकल्प पनि हामीले गरेका छौं। आदरणीय पाठकवृन्द, तपाईहरुको निगरानी तथा खबरदारी नै ‘सूचक सन्देश’ को सफलताको लागि अनिवार्य तथा अपरिहार्य खुड्किलो हो । एउटा दरिलो सूचक बन्ने कुरामा हामीले बाटो भुल्यौ या बिरायौ भने पद प्रदर्शकको भुमिका अबश्य पनि निभाउनु हुनेछ भन्ने हामीलाई आशा एवं विश्वास छ । सामाजिक रुपान्तरणका लागि हामी कतै विचलित भईहाल्यौ र हामीलाई झक्झक्याउनु भएन भने हामी दुःखमा आत्तिन र सुखमा मात्तिन सक्छौं ।

तपाइहरु सबैको साथ र सहयोगविना सत्य, निष्पक्ष एवं व्यावसायिक पत्रकारितामार्फत रखवाली गर्दै मुलुक तथा जनताको पक्षमा सूचनाको सम्प्रेषण गर्नु ‘सूचक सन्देश’ का लागि असम्भव प्राय: नै हुनेछ । त्यसैले आमपाठक, शुभेच्छुक र शुभचिन्तकहरुसंग हामीले सदा साथ र सहयोगको अपेक्षा राखेका हौं। हामीसँगको निरन्तर सम्पर्कले आमपाठक, अधिकारविहिन भएका वा बनाइएका आम जनता, राष्ट्र र राष्ट्रिय स्वार्थप्रति हामीलाई थप प्रतिबद्ध बन्दै जाने प्रेरणा प्राप्त हुनेछ । आशा छ, ‘सूचक सन्देश’को प्रकाशनसंगै सबैको असिम माया र अनवरत साथ पाउनेछ।

हाम्रो यात्रालाई अनवरत एवं निरन्तर अगाडी बढाई राख्नको लागि फेरि पनि आम पाठक, लेखक, विज्ञापनदाता र शुभेच्छुकहरुको सहयोग एवम् खबरदारी हुनेछ भन्ने आशा र विश्वास लिएका छौं।

धादिङको समग्र पर्यटन विकासलाई
सूचक सन्देशले प्रथामिकतामा राखोस्।
स्थानिय पुनर संरचना अनुसार हरेक गाउँ टोलका
खबरहरु प्रकाशन गरोस्, शुभकामना।
कमल सापकोटा
अध्यक्ष एवम्
गाउँ पर्यटन प्रबर्द्धन मञ्च (भिटोफ) नेपाल

Su-Samarpan Computer & Mobile Shop
नयाँ कम्प्युटर किन्न र पुरानो कम्प्युटर साट्न सम्झनै पर्ने नाम !
धादिङमै पहिलोपटक अत्याधुनिक मेसिनद्वारा Chips Level को काम हुने ।
(UPS, Printer, Monitor, Motherboard Repair गर्नुका साथै हरेक किसिमका कम्प्युटर एवम् कम्प्युटरसम्बन्धी सम्पूर्ण पार्टपूर्जाहरू सबै ब्राण्डका मोबाइल पाइन्छ ।
सम्पर्क : सन्तोष अधिकारी
मोबाइल नं. ९८५११०८८७८ धादिङबेसी बीचबजार

## हाम्रो स्वास्थ्य

# झाडापखालाबाट बच्ने र बचाउने दर्जन उपाय



झाडापखाला रोगको प्रकोप गर्मी मौसमलगायत अन्य समयमा देखिएको छ। यो रोग सरुवा रोग भएकाले छिट्टै अन्य मानिसमा पनि फैलिन सक्छ । त्यसैले यो रोग लाग्नबाट बच्न र बचाउन निम्न उपाय अपनाउन आवश्यक छ।

१. खानेपानी राम्ररी उमालेर वा शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
२. खानेपानीको मुहान सफा राखौं । मुहानमा फोहोर पानी र फोहोर वस्तु मिसिन नदिऔं । खानेपानी शुद्धिकरण गर्न आवश्यक मात्रामा क्लोरिन, ब्लचिङ पाउडर वा निर्मल चक्की वा वाटरगार्डको प्रयोग गरौं ।
३. खाना खानुअघि, दिसा गरिसकेपछि, फोहोर-मैला छोएपछि, बच्चाको दिसा धोएपछि साबुनपानीले हात मिचिमिची धुने गरौं।
४. बासी, सडेगलेको, झिँगा बसेको र खुलारूपमा राखिएका खानेकुरा नखाऔं।
५. घर, आँगन, चोक, चर्पी सफा राखौं ।
६. जथाभावी दिसा-पिसाब नगरौं । चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं। चर्पी नभएमा खाल्डो खनी खाल्डोमा दिसापिसाब गरी माटोले पुर्ने गरौं । बच्चाको दिसापिसाब पनि चर्पीमा फ्याँक्ने वा खाडल खनेर पुर्ने गरौं ।
७. सफा र ताजा खानेकुरा पर्याप्त मात्रामा खाऔं।
८. खानेकुरा राम्ररी पकाएर मात्र खाने गरौं । काँचै खाइने खानेकुरा सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौं । पकाएको खानेकुरालाई छोपेर राखौं ।
९. घरमा पानी राख्ने भाँडा सफा राखौं र पिउने पानीलाई सधैं छोपेर राखौं ।
१०. मरेका वा बाढीले बगाएर ल्याएका पशु, पंक्षी र माछा नखाऔं ।
११. खाना पकाउनु, पस्कनु, खानु र खुवाउनु अघि साबुनपानीले राम्ररी हात धुने गरौं ।
१२. बच्चा जन्मेको एक महिना देखि ६महिना सम्म आमाको दूध मात्र खुवाऔं । ६ महिना पुगेपछि थप पोषिलो ताजा खाना खुवाउने र दुई वर्ष नहुन्जेल सम्म आमाको दूध खुवाइ रहने ।

**झाडापखाला लागेपछि गर्नुपर्ने कुरा**

१. शरीरबाट झाडापखालाका कारण जति मात्रामा पानी खेर गएको छ त्यर्ततिकै अनुपातमा पुनर्जलीय झोल बनाएर खाने र खुवाउने गरौं ।
२. झाडाप खाला लाग्ने बित्तिकै स्वास्थ्य संस्थामा लगी स्वस्थ्यकर्मी सँग तुरुन्त उपचार गराऔं ।
३. घरमै उपलब्ध हुन सक्ने खानेकुरा जस्तै भातको माड, झोलपदार्थ, दालको रस, गेडागुडी वा तरकारीको रस प्रशस्त मात्रामा खानेरखुवाउने गरौं ।
४. स्तनपान गरिरहेका बच्चालाई झाडापखाला लागेमा पटक-पटक स्तनपान गराऔं ।
५. झाडापखाला हुँदा साविकमा जस्तै खानेकुरा खाऔं र खुवाउने गरौं ।

**जिल्ला स्वास्थ्य कार्यालय**
**धादिङ**

## जिल्ला विकास समिति धादिङको अनुरोध

**हरेक वर्ष जस्तो सुख्खा गर्मीको समयमा हुरीबतास आगलागीबाट जनधनको क्षेति हुने गरेकाले सर्वसाधरणहरुको लागि यो सचना जारी गरिएको छ ।**

१. हुरी बतास चलेको ठाउँमा सकभर आगो बबालौं, आगो बल्नु नै पर्ने भए होसियारी अपनाऔं।
२. आगोको काम सकिएपछि आगो राम्ररी निभाऔं
३. खर तथा फुसको छानो भएको घरभित्र आगो बाल्दा विशेष सर्तकता अपानाऔं
४. पट्रोल, डिजल, खाना पकाउने ग्यास, मट्टितेल जस्ता प्रज्वलनशिल पदार्थ सुरक्षित स्थानमा राखौं प्रयोग गर्दा होसियारी अपानाऔं।
५. घरमा जडान भएका विद्युत सर्किटहरु बेला बखत चेकजाँच गर्ने गरौं।
६. दमकल र एम्बुलेन्स बारे जानकारी लिइराखौं र परेको बेला समयमै खबर गर्ने गरौ ।

**जिल्ला विकास समिति धादिङ**

# स्थानिय तहको निर्वाचन........

अभिलेख व्यवस्थापन, घर जग्गा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको काम गर्ने अधिकार पहिलो पटक स्थानीय तहलाई अधिकार दिइएको छ ।

नयाँ नगरपालिकाको लागि गाउँपालिकामा जस्तै गरी नौजना कर्मचारीको व्यवस्था गरिएको छ । साविकदेखि नै रहेका नगरपालिकामा साविककै दरबन्दी बमोजिम हुने आदेशमा उल्लेख छ । नगरपालिकाको पहिलो पटक कायम भएको वडामा पनि गाउँपालिकाको वडा सरहका तीन कर्मचारीको दरबन्दी कायम गरिएको छ। नगरपालिकाको साविकदेखि रहेका वडामा पहिले रहे बमोजिमकै कर्मचारी हुनेछन् ।

**गाउँपालिकाको संरचना**

कम्तिमा ७ वडा रहेको गाउँपालिका बने अनुसार प्रत्येक गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष निर्वा्चित हुन्छन् भने जनसंख्याका आधारमा निर्धारण भएका प्रत्येक वडाबाट एक वडा अध्यक्ष र चार सदस्य निर्वा्चित हुन्छन् ।

चार सदस्य मध्ये दुई खुल्ला हुन्छन् भने दुई महिला हुन्छन् । संविधानले वडा सदस्यमा दुई महिला निर्वाचित हुने व्यवस्था गरे पनि स्थानीय तह निर्वाचन ऐनले एक दलित हुने र दलित प्रतिनिधि नभएमा सो पद खाली राख्नु पर्ने व्यवस्था गरेको छ ।

त्यसरी कम्तिमा सात वडा हुने गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष गरी दुई जना, प्रत्येक वडाबाट अध्यक्ष सहित पाँच जना गरी ३५ जनागरी ३७ जनाको सभा गठन हुन्छ । त्यसरी गठन भएको गाउँसभाले १५ दिनभित्र बैठक बसी गाउँपालिका भित्र बस्ने नागरिक मध्येबाट दुई जना दलित वा अल्पसंख्यकलाई निर्वाचित गर्छ ।

यस विधिबाट न्युनतम सात वडा हुने गाउँपालिकामा ३९ सदस्यीय गाउँसभा कायम हुन्छ । त्यस भन्दा ठूलो गाउँपालिकाका हकमा भने वडाको संख्याका आधारमा पाँच जनाका दरले प्रतिनिधिको संख्या बढी हुन आउँछ ।

**गाउँ कार्यकारीको चयन**

गाउँ सभाको निर्वाचन भएपछि गठित गाउँसभाबाट नै गाउँ कार्यकारीको चयन हुन्छ। गाउँ कार्यकारीमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाका अध्यक्षहरु, वडा सदस्यमा निर्वाचित महिला मध्येबाट चारजना महिला र गाउँसभाले निर्वाचित गरेका दलित तथा अल्पसंख्यक गरी सात वडा भएको गाउँपालिकामा ९ सदस्यीय गाउँकार्यकारी गठन हुने व्यवस्था गरिएको छ । स्थानीय सरकारमा रुपमा गठन भएका गाउँपालिकामा गाउँ कार्यकारीले स्थानीय संसदको भूमिका निर्वाह गर्ने छ ।

**गाउँपालिकामा कर्मचारीको व्यवस्था**

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ अनुसार गाउँपालिकामा नौजना कर्मचारी दरबन्दीको व्यवस्था छ ।



जसमा कार्यकारी अधिकृत उपसचिव वा शाखा अधिकृतको नेतृत्वमा इन्जिनियर (सिभिल जनरल) एक, कम्प्युटर इन्जिनियर अधिकृत एक, नायब सुब्बा एक, लेखापाल एक, सवइन्जिनियर (सिभिल जनरल) दुई र कार्यालय सहयोगी दुई गरी नौजना कर्मचारी रहने व्यवस्था गरिएको छ । गाउँपालिकाको वडामा वडा सचिव, प्रशासन तथा लेखा सहायक र कार्यालय सहयोगी गरी तीनजना कर्मचारी रहनेछन् ।

**नगरपालिकाको संरचना**

कम्तिमा नौ वडा रहने नगरपालिकामा पनि एक प्रमुख र एक उपप्रमुख प्रत्यक्ष निर्वा्चित हुन्छन्। त्यस्तै प्रत्येक वडामा एक वडाध्यक्ष र चार सदस्य निर्वा्चित हुन्छन् भने ती वडा सदस्य मध्ये एक दुई महिला हुन्छन् र महिला मध्ये पनि एक दलितलाई अनिवार्य गरिएको छ ।

त्यसरी न्यूनतम नौ वडा भएको नगरपालिकामा प्रमुख र उपप्रमुख गरी दुई, प्रत्येक वडाका अध्यक्षसहित ४५ जना गरी ४७ जनाको नगरसभा गठन हुन्छ। त्यसरी निर्वा्चित भएको नगरसभाले १५ दिन भित्र बैठक बसी दलित वा अल्पसंख्यकबाट निर्वाचति हुने सदस्यको निर्वाचनका लागि मिति तोक्छ । नगरभित्रका दलित वा अल्पसंख्यकले उम्मेद्वार बन्न पाउने त्यो चुनावमा निर्वाचत नगरसभाले मात्र मतदानको अधिकार पाउने छ। त्यसरी निर्वा्चित दलित वा अल्पसंख्यक सहित नगरसभा ४९ जनाको हुनेछ। त्यस भन्दा ठुलो नगरपालिकाको हकमा नगरपालिकाको आकारका आधारमा वडा अनुसार पाँच जनाका दरले संख्या बढ्ने हो ।

**नगर कार्यकारीको चयन**

नगरपालिकामा निर्वाचित प्रमुख र उपप्रमुख, प्रत्येक वडाका अध्यक्ष र उपाध्यक्ष तथा प्रत्येक वडाबाट निवार्चित महिला मध्ये पाँच जना निवार्चित भएको नगर कार्यकारी गठन हुन्छ । त्यसरी गठन हुने नगर कार्यकारी न्यूनतम नौ वडा भएका नगरपालिकामा १६ सदस्यीय हुन्छ।

**नगर पालिकामा कर्मचारीको व्यवस्था**

पहिलोपटक नगरपालिका कायम भएको नगरपालिकामा पनि गाउँपालिकामा जस्तै गरी नौजना कर्मचारीको व्यवस्था गरिएको छ । साविकदेखि नै रहेका नगरपालिकामा साविककै दरबन्दी बमोजिम हुने आदेशमा उल्लेख छ । नगरपालिकाको पहिलोपटक कायम भएको वडामा पनि गाउँपालिकाको वडा सरहका तीन कर्मचारीको दरबन्दी कायम गरिएको छ । नगरपालिकाको साविकदेखि रहेका वडामा पहिले रहे बमोजिमकै कर्मचारी हुनेछन् ।

**उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति**

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा हरेक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन हुनेछ। नेपालको संविधान धारा २१७ मा न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला, जग्गा जमीन, अंशबण्डा, साँध विवाद जस्ता मुद्दाको टुंगो लगाउने छ ।

# एमाले सिद्धलेकमा प्रेमनाथ सिलवाल

धादिङ । एमाले सिद्धलेक गाउँपालिकोको संयोजकमा नेता प्रेमनाथ सिलवाल चयन हुनुभएको छ । गाउँपालिकाको संरचना पार्टी ढाँचा तय गर्दै एमाले सिद्धलेकले सिलवाललाई नेकपा एमाले सिद्धलेक गाउँपालिकाको संयोजक बनाएको हो । उप संयोजकहरु रंग थपलिया र खुनराज थापा सहित ३९ सदस्यीय सिद्धलेक गाउँ कमिटि गठन गरेको छ ।

# नयाँ शक्तिको चरौदी भेलाका, ३ निर्णय

धादिङ । नयाँ शक्ति नेपाल धादिङको चरौदी भेला मुख्य ३ निर्णय गर्दै सकिएको छ ।
नयाँ शक्तिका केन्द्रिय परिषद सदस्य एवम् पर्यटन व्यवसायी राम घलेले भेलाको निर्णय सुनाउँदै भन्नुभयो-पहिलो निर्णय धादिङका सबै वडा नगरपालिका, गाउँपालिकामा उम्मेदवारी दिने, दास्रो उम्मेदवार छनौटको मापदण्ड सामाजिक भ्रष्टचारमा नमुछिएको विकासलाई बुझेको पात्रलाई उम्मेदवार छनौट गर्ने र तेस्रो धादिङ जिल्लालाई आर्थिक समृद्धिको हिसावले नमुना जिल्ला बनाउने निर्णय चरौदी भेलाले गरेको हो ।

# धादिङमा चैत्र ३१ सम्म काँग्रेसको चुनावी सभा

धादिङबेसी । नेपाली कांग्रेस धादिङले भर्खर कायम भएका १३ वटै स्थानिय तहमा चुनावी सभाको मिति सार्वजनिक गरेको छ ।
चैत्र १४ गते रूविभ्याली, २. चैत्र १६ गते खनियाँवास, ३. चैत्र १७ गते नेत्रावती, ४. चैत्र १८ गते गंगाजमुना, ५. चैत्र १९ गते त्रिपुरासुन्दरी, ६. चैत्र २० गते ज्वालमुखी, ७. चैत्र २१ गते सिद्धलेक, ८. चैत्र २४ गते बेनिघाट, ९. चैत्र २५ गते गजुरी, १०. चैत्र २६ गते गल्छी बैरेनी, ११. चैत्र २७ गते थाक्रे, १२. चैत्र २८ गते धुनिवेसी, १३. चैत्र ३१ गते नीलकण्ठमा अन्तिम आमसभा गर्ने मिति सार्वजनिक गरेको हो ।

# प्रहरी निरिक्षक कृष्ण सापकोटा सबैको वाह, वाह

धादिङ । यतिबेला गजुरी गाउँपालिका अन्तरगत गजुरीमा कार्यरत प्रहरी निरिक्षक कृस्ण सापकोटालाई सामाजिक तथा जनचेतना मुलक कार्यक्रम गर्न भ्याइनभ्याई छ । चेकजाँचमा कडाइ, अनुसाशित ड्राइभरलाई चेकिङ स्थल मै पुरस्कृत, दुर्घटना न्यूनीकरण, प्रतिक्षालय बनाउने, बटुवालाई खानेपानीको ब्यावस्था, ट्राफिक नियम जनचेतना मुलक स्कुल कार्यक्रमले निरिक्षक सापकोटा वाह, वाह बनेका हुन् ।

स्थानिय निकाय पुनरसंरचना सँगै प्रकाशनमा आएको यस पत्रिकाको स्थानिय विकासमा महत्वपूर्ण भुमिका रहने हुँदा
जनपक्षिय बनोस् सूचक सन्देश
शुभकामना
हरि लम्साल
प्रिन्सिपल एवम्,
धादिङ बोर्डिङ आवासिय मावि परिवार, धादिङबेसी

स्थानिय निकाय पुनरसंरचना सँगै प्रकाशनमा आएको यस पत्रिकाको स्थानिय विकासमा महत्वपूर्ण भुमिका रहने हुँदा
जनपक्षिय बनोस् सूचक सन्देश
शुभकामना
दिपक विश्वकर्मा
अध्यक्ष एवम्
नीलकण्ठ सामुदायीक अध्ययन केन्द्र धादिङबेसी

स्थानिय निकाय पुनरसंरचना सँगै प्रकाशनमा आएको यस पत्रिकाको स्थानिय विकासमा महत्वपूर्ण भुमिका रहने हुँदा
जनपक्षिय बनोस् सूचक सन्देश
शुभकामना
धुर्व विक्रम मल्ल
अध्यक्ष तथा प्रमुख प्रशिक्षक
बालाजु कराते-डो प्रतिष्ठान, नेपाल

# सत्यदेवि र त्रीपुरेश्वरमा एक्सन र अक्फामको नमुना योग्य काम

■ सुशिला रिजाल

धादिङ । एक्सन नेपाल र अक्सफामले उत्तरी धादिङको खनीयावास गाउँपालिका स्थित साविकको सत्यदेवि गाविस र नेत्रावाती गाउँपालिका सविकको त्रीपुरेस्वर गाविसमा नमुना योग्य काम गरेको बताइएको छ ।

धादिङबेसीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा एक्सन नेपालका श्यामकृष्ण बजगाईले यी दुई गाविसमा संचालित नेपाल भुकम्प प्रतिकार्य परियोजना पछि सत्यदेवी र त्रिपुरेश्वर को मुहार फेरीएको जानकारी दिनु हो ।

जिपाकोपार्जन, आवास, खानेपानी र सर सफाई, विपत जोखिम न्युनिकरण र लैङ्गिक क्षेत्रमा सकृय पुर्वक काम गर्दै आएको एक्सन नेपाल र अक्सफामको प्रयासबाट अहिले ति क्षेत्रका जनसमुदायहरु हर्षित भएका छन् कार्यक्रममाका प्रमोद भट्टले बताउनु भयो ।

५ वटा विषयगत क्षेत्रमा रहेर काम गर्दै आएको यि संस्थाले दिएको सुविधा प्राय दुवै गाविसका सबै घर धुरीले पाएका छन् । जीविकोपार्जन कार्यक्रम अन्तर्गत करिव ५० लाखको लागतमा भुकम्पले भत्काएका छ वटा सिंचाई कुलो मर्मत, २२ वटा समुहलाई कृषिमा धुनिकिकरणको लागि ट्र्याक्टर, मिलेट थ्रेसर, कनसेलर, कम्बाईन मिल, ठेलागाडा लगायतका सामाग्री वितरण, १६० जना कृषकहरुलाई आधार भुत कृषि र पशुपालन तालिमसंगै प्रत्येक व्यक्तिलाई ७ हजार ५ सयका दरले सहयोग, ८ जना कृषकहरुलाई ३५ दिने कृषि र भेटेनरी तालिम संगै समुदायमा गुणस्तरिय सेवा प्रभाव गराउन प्रत्येकलाई ४० हजारको सामाग्री सहयोग, ६० जना व्यक्तिलाई लघुउद्यमीको रुपमा अगाडि बढाउन विभिन्न सिपमुलक तालिमसंगै



प्रत्येकलाई ४० हजार सहयोग गरेको पत्रकार भेटघाटमा जानकारी गराईएको थियो ।

यता खानेपानी र सरसफाई कार्यक्रम अन्तर्गत करिव १ करोड ३८ लाखको लागतमा ९ वटा खानेपानीको आयोजनाको काम भएको र यसबाट ६१३ घर धुरीका मानिस लाभान्वित हुने, आवास कार्यक्रम अन्तर्गत दुवै गाविसमा २४० वटा सुधारिएको गोठ निमार्ण, २ वटा नमुना घर निमार्ण, भुकम्प प्रतिरोधि घर निमार्ण संबन्धि तालिम संचालन भएको, ५१० वटा अन्न राख्ने, अन्न भण्डार वितरण, विपत जोखिम कोषका समेत स्थापना गरिएको, मानव वेचविखन, बालविवाह, नागरिकता तथा व्यक्तिगत घटना दर्ता, लैङ्गिकतामा आधारित हिंसा र रिफ्लेक्ट कक्षा जस्ता कायृक्रमहरु सम्पन्न भएको छ यी दुई गाविसको मुहार फेरिने तयारीमा बजगाईले पत्रकार भेटघाटको क्रममा जानकारी गराउनु भयो ।

# धादिङमा म्यादी प्रहरीको लागि आवेदन

धादिङमा ५ सय भन्दा बढी म्यादी प्रहरीको धादिङ । बैशाख ३१ गते हुने स्थानिय तहको निर्वाचन सम्पन्न गर्न सरकारले म्यादी प्रहरीमा आवेदन खुला गरेको छ ।

धादिङमा पनि आजै देखि आवदन लिन सुरु गरिएको जिल्ला प्रहरी कार्यालय धादिङले जानकारी दिएको । निर्वाचन सम्पन्न गर्न धादिङमा यतिनै चाहिने माथिबाट निर्देशन छैन तर धादिङ लागि कम्तिमा पनि ५ सय जना चाहिन्छ भन्ने हो । छनौट चरण सम्म पुग्दा संख्या टुङ्गेला कति आवेदन पर्छ हेरो जिल्ला प्रहरी कार्यालयका एक प्रहरी अधिकृत त बताए । चैत्र १७ गते सम्म दरखास्त दिन पाईने गरि आवेदन खुला म्यादी प्रहरी आवेदन दिन दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५४ ननाघेको हुनु पर्ने छ । साधारण लेखपढ गर्न जान्ने जोकोही नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

(बाँकी पृष्ठ +२ मा)

# रुबीभ्यालीमा राप्रपाका गोम्बा घलेको उम्मेदवारी घोषणा



धादिङ । गाँउपालिकामा धादिङ ठुला दलहरुले उम्मेदवार छान्न कठिन भै रहेको छ आकाक्षीहरु धेरै भएपछि ठुला दलहरुलाई उम्मेदवार छान्न हम्मे हम्मे परि रहेको छ । आकाँक्षीहरुले आफु उम्मदवार बन्ने दावी गर्नेहरु बढी रहेका बेला राप्रपाको तर्फबाट गोम्बा घलेले रुवीभ्याली गाउँ पालिकाको उम्मेद्वारी घोषणा गरेका छनर ।

आगामी बैशाख ३१ गते हुन लागेको स्थानीय निर्वाचनमा रुवीभ्याली गाउँपालिका लागि उम्मेद्वारी दिने बताएका गोम्बा घलेलाई उम्मेदवार बनाउने नबनाउने राप्रपा धादिङले अहिले फाइनल गरि नसकेको बतायो ।

रुबीभ्यालीको समग्र विकासको लागि आफुले दीर्घकालीन योजना बनाएर सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यटन लगायत विषयमा काम गर्ने योजना अनुरुप उम्मेदवारी दिनलागेको बताएका छन् ।

स्थानिय निकाय पुनरसंरचना सँगै प्रकाशनमा आएको यस पत्रिकाको स्थानिय विकासमा महत्वपूर्ण भुमिका र हने हुँदा जनपक्षिय बनोस शुभकामना व्यक्त गर्न चाहन्छौं ।

भगवती उप्रेती
अध्यक्ष एवम्
नारी जागरण केन्द्र परिवार, धादिङ

धादिङको समग्र पर्यटन विकासलाई **सूचक सन्देश**ले प्रथामिकतामा राखोस् । स्थानिय पुनर संरचना अनुसार हरेक गाउँ टोलका खबरहरु प्रकाशन गरोस् । शुभकामना

**Gokul Sapkota**
Managing Director
Outshine Adventure Pvt.Ltd, www.outshineadventure.com

## शुभकामना

धादिङको समग्र पर्यटन विकासलाई **सूचक सन्देश** प्रथामिकता राखोस् । स्थानिय पुनर संरचना अनुसार हरेक गाउँ टोलका खबरहरु प्रकाशन गरोस् । शुभकामना व्यक्त गर्न चाहन्छु ।

Tej bahadur Gurung
*Managing Director*
Nepal Alternative Treks & Expedition (p.) ltd.
Bhagawoti Marga, Thamel, Kathmandu

१ सफा र सभ्य शहर सबैको रहर ।
२. बजार सफा भए हामी नगरबारी सफा रहन्छौ ।
३. सडक पेटीमा सामान हटाई सवारी दुर्घटनाबाट बचौं बचाऔं ।
४. सडक पेटी खालीराखी नगरको सौन्दर्य बढाऔं ।

जब सुध्रिन्छ मान्छे आफै भित्र, तब मात्र बन्छ वातावरण पवित्र

**नीलकण्ठ नगरपालिका**
**धादिङ**

# धादिङबेसीकै झोलुङ्गेपुल जिर्ण, सरोकारवाला मौन

■ सरगम राना



धादिङबेसी। दैनिक सयौं मानिसले सदरमुकाम आवत जावत गर्न प्रयोग गर्ने धादिङ सदरमुकाम स्थित थोपल खोलामाथि रहेको साङ्कोस र धादिङबेसी जोड्ने झोलुङ्गेपुल जीर्ण बनेको धेरै भैसकेको छ।

सदरमुकाम धादिङबेसीको बीच बजारबाट अन्दाजी ५ सय मिटरको दुरीमा रहेको थोपल खोलामाथि बनेको झोलुङ्गे पुल मर्मत संहारका अभावले जीर्ण बन्दै जाँदा नट वल्टु फुत्किएर खसेपछि यात्रुहरु जोखिम मोलेर हिड्न वाध्य भएका छन्। धादिङ जिल्लाको दैनिक साविकका १० गाउँविकास समितिका मानिसहरुको सदरमुकाम प्रवेस गर्ने मुख्य पुल जीर्ण हुँदा दुर्घटनाको त्रास बढिरहँदा पनि सरोकार वालाहरुको ध्यान गहिरहेको देखिदैन।

चुनाव आयो, कुन मुख देखाएर भोट माग्न आउँछन ? आफ्नै आँखा अगाडीको समस्या नदेख्ने नेतालाई मुखभरीको जवाफ बनाएर बसेको साँङ्कोस निवासी एक स्थानियले बताए। नीलकण्ठ नगरपालिका र धादिङबेसी बजार जोडरने यो झोलुङ्गेपुल लामो समय देखि जीर्ण बनेका कारण दैनिक सदरमुकाम आवत जावत गर्नेहरुलाई समस्या भएको छ। निर्माण भएको लामो समय हुँदा पनि मर्मत र रेखदेख नहुँदा पुलका डण्डीहरु खियाले खाएर भाँचिन थालेका छन्, भने नट बल्टुहरु खसेका कारण एकदुई जनामात्र हिड्दा पनि हल्लिने हुँदा विद्यालय आउने साना साना बाल बालवालिलाई समस्या हुने गरेको अभिभावकहरु बताउछन्। करोडौ रुपयाँ विकासका लागि खर्च गर्ने जिविस धादिङ र नीलकण्ठ नगरपालीकाले आफ्नै कार्यालय अगाडी रहेको जीर्ण बनेको उक्त पुल मर्मत गर्न पटक पटक आग्रह गर्दा समेत व्यवास्था गरेको स्थानियहरुको आरोप छ। धादिङको विशेष गरी थोपल खोला र अरुण खोलाको विभिन्न स्थानमा रहेका पुलहरु जीण बनेका छन् भने धादिङका अन्य स्थानमा भएको झोलुङ्गे पुलहरुको अवस्था पनि उस्तै छ।

# स्थानिय चुनावबाट माओवादी केन्द्र ठुलो –जमकट्टेल

■ शुक तामाङ



धादिङ। माओवादी केन्द्र धादिङका अध्यक्ष शालिकराम जमकट्टेलले स्थानिय तहको निर्वाचनबाट माओवादी केन्द्र नेपालको ठुलो दल बन्ने दावी गर्नु भएको छ।

माओवादी केन्द्र रुबीभ्याली गाउँपालिकाको सम्मेलन उद्घाटन गर्न सेर्तुङ ठुलो गाउँ पुगेका जमकट्टेलले माओवादी केन्द्रको मुलुक परिवर्तन गर्ने एजेण्डा स्थापित भएको र सिंहदरबारको अधिकार जनताका घरमा ल्याउन हजारौले बलिदानी गरेको पार्टी भएको हुनाले जनताले भोट दिने बताउँदै आफ्नो पार्टी ठुलो दल बन्ने बताउनु भएको हो।

उत्तरी धादिङको गणेश हिमालको काखमा अवस्थित प्राकृति सुन्दरताले भरिपूर्ण रूबीभ्याली गाउँपालिकाको प्रथम सम्मेलन सेर्तुङ ठुलो गाउँमा उद्घाटन गर्दै जमकट्टेलले, जनजातिका अधिकार, महिला, किसानका अधिकार, पिछडिएका वर्गका अधिकार स्थानिय तहको निर्वाचन त्यसमा पनि माओवादी केन्द्रको विजयबाट मात्र संभव भएको बताउँदै अबका जनता किनबेचमा फस्दैनन्, बुझेका छन्। कस्को कारण मुलुकमा यत्रो परिवर्तन भयो जनतालाई राम्रो ज्ञान भएको बताउदै गोलाकार भित्र हँसिया हथौडा चुनाव चिन्हको प्रचार गर्न, बीभ्याली गाउँपालिकाका कार्यकर्तालाई निर्देशन दिनु भएको थियो। कार्यक्रममा राप्रपा, एमाले, काँग्रेसबाट दर्जन भन्दा बढी कार्यकर्ता माओवादी केन्द्रमा प्रवेस गरेका थिए। जिल्ला समिति सदस्यहरु रामसिंह तामाङ मिम्बा तामाङ लगायतको आतिथ्यता रहेको कार्यक्रममा उलेख्य कार्यकता तथा शुभचिन्तकहरुको उपस्थिति रहेको थियो।

## धादिङमा म्यादी प्र....

यद्यपी सुरक्षा निकायमा काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइने बताइएको छ। १८ गतेसम्म आवेदन संकलन भइसकेपछि १९ गतेदेखि २१ गतेसम्म छनौट प्रारम्भ हुनेछ। २२ गते छनौट भएकाहरुको नतिजा सार्वजनिक गरिनेछ। छनौट भएकालाई चैत २५ देखि वैशाख ८ गतेसम्म प्रशिक्षण दिइने बताइएको छ। प्रहरी जवानले पाएसरहको तलव, भत्ता र सुविधा म्यादी प्रहरीले पाउने छन्। बताईएको छ।

सत्य, तथ्य,
समाचारका साथ
आवाज विहिनहरुको
सहारा बनोस्
सूचक सन्देश
शुभकामना
रुद्र भट्ट 'शुरेस'
नलाङ-७, धादिङ्ग
हालः काठमाडौं

धादिङको समग्र
पर्यटन विकासलाई
सूचक सन्देश
प्रथामिकता राखोस्।
स्थानिय पुनर संरचना
अनुसार हरेक गाउँ
टोलका खबरहरु
प्रकाशन गरोस्।
शुभकामना व्यक्त
गर्न चाहन्छु।
Himal Ghale
*Managing Director*
Nepal Wilderness Treks,
Thamel, Kathmandu

शुभकामना
समुन्नत नेपालका लागि शैक्षिक विकासमा
सूचक सन्देशको भुमिका महत्वपूर्ण रहोस्,
शुभकामना व्यक्त गर्दछौं।
प्रिन्सिपल एवं
एड्भान्स एकेडेमी परिवार धादिङ, फोन ०१०-५२०३१६

